# AAC Voting Translation Project

*Language: Nepali*

## एएसीको बारेमा

एशियन अमेरिकन कमीशन (एएसी) एउटा यस्तो स्थायी निकाय हो जो मेसाचुसेट्स (एमए) भरि बसोबास गर्ने एशियाली अमेरिकीहरूको तर्फबाट वकालत गर्न समर्पित छ। यस कमीशनको लक्ष्य मेसाचुसेट्सलाई आफ्नो घर हो भन्ने सबै व्यक्तिहरूको चासोलाई बढावा दिदै एशियाली अमेरिकीहरूले कमनवेल्थ (मेसाचुसेट्स) को सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक जीवनमा पुर्याएका महत्वपूर्ण योगदानहरूको पहिचान र उजागर गर्नु; एशियाली पुर्ख्यौलीका बासिन्दाहरूको आवश्यकताहरू र उनीहरूले सामना गर्नु परिरहेका चुनौतीहरूको पहिचान र सम्बोधन गर्नु; र यस गतिशील र विविध समुदायको हितलाई बढावा दिनु रहेकोछ।

हाम्रो प्रजातन्त्रमा पूर्ण रूपले भाग लिनका लागि एशियाली-अमेरिकीहरूले अनिवार्य रूपमा स्थानीय, राज्य र राष्ट्रिय चुनावमा मतदान गर्ने अधिकारको प्रयोग गर्नुपर्दछ।

## एमए आशियान अमेरिकन एण्ड प्यासिफिक आइल्याण्डर (एएपीआइ) का तथ्यहरु

- मेसाचुसेट्समा ७८% एशियाली अमेरिकीहरूले घरमा अंग्रेजी भन्दा अन्य भाषा बोल्छन्, र ती मध्ये ४४% भन्दा बढीले "धेरै राम्रो" नभई कम दर्जाको अंग्रेजी बोल्छन्।
- २०१२ मा एएपीआइले चुनाव पछि गरेको सर्वेक्षणका अनुसार सिमित अन्ग्रीजी प्रवीणता (एलइपी) भएका मतदाताहरूको उपस्थिति दर्ता भएका अंग्रेजी जान्ने (गैर-एलइपी) मतदाताहरूको तुलनामा ९% ले कम छ, र 63% ले मतदान केन्द्रहरूमा एशियाली भाषामा सहयोग पुर्याउने हो भने उपयोगी हुने बताएका थिए।
- मेसाचुसेट्समा करीब १४,४२७ अर्थात ३%एशियाली अमेरिकीहरूमा स्वास्थ्य बीमाको अभाव छ।
- मेसाचुसेट्समा करीव, ५७,८१३ अर्थात १४% एशियाली अमेरिकीहरू गरीबीमा बस्छन्।
- मेसाचुसेट्समा करीव ३०६ अर्थात १४% नेटिभ हवाइयन प्यासिफिक आइल्याण्डर (एनएचपीआई) गरिबीमा बस्छन्।

[तथ्याङ्कको श्रेय एपिआइए मतदान (APIA Vote) लाई जानेछ]

## मेसाचुसेट्समा मतदानका लागि आगामी महत्वपूर्ण मितिहरू

### संघीय

- म्यासाचुसेट्स आम चुनाव: नोभेम्बर ३, २०२०
- प्रारंभिक मतदान: अक्टोबर १७, २०२० - अक्टोबर ३०, २०२०
- मतदाता पंजीकरणको समय सिमा: शनिबार अक्टोबर २४, २०२० बेलुकी ८:००
- अनुपस्थित मतपत्र अनुरोध गर्न अन्तिम समय सिमा: बुधबार अक्टोबर २८, २०२० मध्यान्न १२:००
- पुरा गरिएको अनुपस्थित मतपत्र फिर्ता गर्ने अन्तिम समय सिमा: मंगलबार नोभेम्बर ३, २०२० बेलुकी ८:००

## पत्र मार्फत कसरी मतदान गर्ने

- नयाँ कानूनले तोकेको आवश्यकता अनुसार, मेल (पत्र) द्वारा गरिने मतका लागि आवेदन ती प्रत्येक व्यक्तिलाई पठाइनेछ जसले जुलाई १ सम्म मतदान गर्न आफुलाई दर्ता गराएका थिए र ज-जसले राज्यको प्राथमिक चुनाव वा यस बर्षका सबै चुनावहरूका लागि अनुपस्थित मतपत्र अनुरोध गरेका थिएनन्। कृपया जति सक्दो चाँडो तपाईंको आवेदन पेश गर्नुहोस्, ताकि तपाईंसँग आफ्नो मतपत्र प्राप्त गर्न पर्याप्त समय हुनेछ र तपाइको मत गणनाको लागि समयमै फिर्ता गर्न सक्नु हुनेछ।
- नोभेम्बरको चुनावको लागि सेप्टेम्बर महिनामा मेल मार्फत मतपत्रमा मतदानका लागि आवेदन नगरेका सबै मतदातालाई दोस्रो मेल (पत्र) पठाइनेछ। यी आवेदनहरू तपाइँको स्थानीय निर्वाचन अधिकारीको नाममा पहिले नै सम्बोधन गरिएको छ र कुनै हुलाक टिकटको आवश्यकता पर्ने छैन।
- मेल (पत्र) मार्फत गरिएको मतदान आवेदन  तपाइको स्थानीय चुनाव कार्यालयमा चुनावको ४ दिन पहिले नै पुग्नु पर्नेछ। राज्य निर्वाचन मतपत्रका लागि तपाईको आवेदन आफ्नो स्थानीय चुनाव कार्यालयमा अक्टुबर २८ भन्दा पहिले नै पुग्नु पर्नेछ।

- यदि तपाईं मेल मार्फत मतदान गर्न चाहनुहुन्छ भने, तपाईंले आफ्नो मतपत्र समयमै प्राप्त गरी गणनाको निम्ति फिर्ता गर्न सक्ने कुराको सुनिश्चिताका लागि तपाइलाई जति सक्दो चाँडो आफ्नो आवेदन फिर्ता गर्न प्रोत्साहन गरिन्छ।

## निर्वाचित आधिकारिको भूमिका र परिभाषा

- **राष्ट्रपति (President):** राष्ट्रपति दुबै संयुक्त राज्य अमेरिका र अमेरिकी सरकारको प्रमुख, र सशस्त्र बल को प्रधानसेनापति हुनुहुन्छ।

- **राज्य प्रतिनिधि (State Representative):** आफ्नो निर्वाचन क्षेत्र (आफ्नो निर्वाचन जिल्लामा बस्ने मानिसहरू) का चाहनाहरूको प्रतिनिधित्व गर्ने विधयेकहरू पेश गर्नुका साथै ति विधेयकहरू माथि मतदान गर्दछन्। उनीहरूले नयाँ कानून बनाउँछन्, पुराना कानूनहरू परिमार्जन वा अद्यावधिक गर्दछन् र व्यवस्थापिका शाखा अन्तर्गतका अनुसन्धान समितिहरूमा सेवा गर्दछन्। एउटा राज्य प्रतिनिधिले दुई बर्षका लागी सेवा गर्दछ।

- **राज्य सेनेटर (सांसद) (State Senator):** मतदाताहरूद्वारा राज्य सेनेट (संसद) मा उनीहरूको प्रतिनिधित्व गर्न छनौट गरिन्छ, जहाँ उनीहरूको प्राथमिक कर्तव्यहरूमा नयाँ कानून निर्माण वा विद्यमान कानून परिमार्जन गर्ने विधेयकको तयारी, बहस र मतदान पर्दछन्। राज्य सेनेटर (सांसदले) एक भन्दा बढी जिल्लालाई प्रतिनिधित्व गर्दछ र ६ बर्षसम्म सेवा गर्दछ।

- **यूएस कंग्रेस प्रतिनिधी (US Congressperson):** कुनै विशिष्ट कंग्रेसनल जिल्लाका जनतालाई सेवा प्रदान गर्न प्रत्येक कांग्रेस प्रतिनिधिहरूलाई दुईवर्षे कार्यकालको लागि निर्वाचित गरिन्छ। अन्य कर्तव्यहरूमध्ये, कंग्रेस प्रतिनिधिहरूले विध्येकहरू र प्रस्ताव्हरू प्रस्तुत गर्ने, संशोधन प्रस्ताव गर्ने र समितिहरूमा सेवा पुर्याउने कार्य गर्दछन्।

- **अमेरिकी सिनेटर (US Senator):** कंग्रेसको मुख्य कर्तव्य भनेको कानूनहरूको लेखन, बहस र पारित गर्नु हो जुन कानूनहरू त्यसपछि अनुमोदन र अन्तिम हस्ताक्षरको लागि राष्ट्रपति समक्ष पठाइन्छ। कांग्रेसका अन्य कर्तव्यहरुमा राष्ट्रिय मुद्दाहरूको बारे छानबिन गर्नु र कार्यकारी र न्यायिक शाखाहरुको पर्यवेक्षण गर्ने कुराहरू समावेश छन्।

- **गभनर्स काउन्सिल (परिषद) (Governor’s Council):** कार्यकारी परिषद्को रूपमा समेत चिनिने यो निकाय एउटा सरकारी निकाय हो जसले न्यायिक नामांकन, क्षमा, र कम्युटेशन (रूपान्तरण) जस्ता केही मामिलाहरूमा सल्लाह र सहमति प्रदान गर्दछ।

### मतदाता पंजीकरण फारमहरूको लिङ्क यहाँ संलग्न छ

https://www.sec.state.ma.us/ele/elepdf/Voter-reg-mail-in.pdf

### नेशनल एशियाली अमेरिकी भोटर (मतदाता) हटलाइन

यदि तपाई, वा कोही तपाइले चिन्नु भएका, भाषा पहुँचमा कठिनाई भएका वा कुनै अन्य प्रकारको मतदान सहायता (मतदान स्थानहरू वा मतदान प्रक्रियाहरूको बारेमा प्रश्नहरू सहित) को आवश्यकता भएका मानिसहरूको लागि, कृपया नेशनल एशियन अमेरिकन भोटर हटलाइनलाई 1-8888-API-VOTE वा (1-888-274-8683) मा कल गर्नुहोस्।

*Special thanks to Mass Youth Leadership, ATASK Boston, CMAA Lowell, Bayanihan Association of America, Chinese Association of Western MA, Springfield Vietnamese Cultural Association, and the Bhutanese Society of Western MA.*